# प्यूठान नगरपालिकाको आठौं नगरसभामा प्रस्तुत
# आर्थिक वर्ष २०७७/०७८ को
# नीति तथा कार्यक्रम

आदरणीय नगरसभाका सदस्यज्यूहरु,

कोरोना भाइरस संक्रमणबाट फैलिएको कोभिड १९ रोगबाट सिर्जित प्रतिकूल परिस्थितिमा यस गरिमामय नगरसभामा आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । कार्यक्रम प्रस्तुत गरिरहँदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनासम्मका क्रान्ति तथा संघर्षहरूमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान् शहिदहरुलाई स्मरण गर्न चाहन्छु । कोभिड १९ संक्रमितहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

कोभिड १९ को कारणले गर्नुपरेको बन्दाबन्दी, भौतिक दुरी कायम गर्नुपर्ने वाध्यात्मक अवस्था लगायतका प्रतिकूलताका बीच धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण तथा रोकथाम अभियानमा साथ दिनु भएकोमा नगरपालिकाको तर्फबाट नगरवासी सम्पूर्ण दिदीबहिनी दाजुभाइको उच्च प्रशंसा गर्दछु । कोभिड १९ नियन्त्रण तथा उपचारमा अहोरात्र खट्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि एवम् सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पत्रकार, पेशा व्यवसायी लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यहि बिचमै ऐतिहासिक सन्धि, नक्सा तथा प्रमाणका आधारमा मित्रराष्ट्र भारतसँगको सीमा सम्बन्धमा विगत लामो समयदेखि बाँकी रहेको र समय समयमा उठिरहेको विषय लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रको नेपालको भूमीलाई समावेश गरी नेपालको नयाँ नक्शा जारी गरेकोमा सम्मानीय प्रधानमन्त्रीज्यू र नेपाल सरकार प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

जतिबेला हामी **समृद्ध नगर खुशी नगरवासीको** सोच हासिल गर्ने अवस्थामा पुग्न अहोरात्र खटिइरहेका थियौ, ठीक त्यति नै बेला विश्वव्यापीरुपमा फैलिन गएको कोभिड १९ को महामारीले हाम्रो मार्ग अबरुद्ध गऱ्यो । नगरको विकासको लागि हामीले बनाएका हाम्रा प्राथमिकताहरू अचानक फेरिन पुगे । यतिबेला हामीले यो महामारीबाट नगरवासी दिदीबहिनी दाजुभाइको जीवन रक्षा गर्नुलाई नै आफ्नो पहिलो कर्तब्य ठानेका छौं । जीवन रहे जीवन सुधार्न, सिंगार्न र अगाडि बढाउन सकिन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै महामारी विरुद्धको अभियानमा उपलब्ध सबै साधन स्रोतको परिचालन गरिरहेका छौं । महामारीका विरुद्धको संघर्षकै बीचमा पनि नगरवासीको जीवनको सहजताका लागि अधिकतम कोशिस गरिरहेका छौं ।

कोभिड १९ को कारण देशकै अर्थतन्त्रको जग हल्लिएको छ । यसबाट हामी पनि गम्भीर रूपमा प्रभावित भएका छौं । हामीले विगतमा उठ्ने भनेर आकलन गरेको राजश्व प्रभावित भएको छ । व्यापार व्यवसाय तथा लगानीमा उल्लेख्य गिरावट आएको छ । रोजगारीका अवसरहरू गुम्दै गएका छन् । वैदेशिक रोजगारीमा गएका दिदीबहिनी दाजुभाइको गाउँ फर्कने चाप बढेसँगै गाउँघरमै रोजगारीका थप अवसरहरू सिर्जना गर्नुपर्ने वाध्यात्मक स्थिति सिर्जना भएको छ । यतिबेला नगरवासी सबै राहत र पुनर्स्थापनाको पर्खाइमा छन् । राज्यको आयस्रोतमा भएको तीव्र गिरावटले गर्दा हामीलाई संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय सहयोग विगत वर्षहरुको तुलनामा खुम्चिएको छ । तर, पनि जनताको नजिकको सरकार भएको नाताले अभिभावकत्व र संरक्षकत्व प्रदान गर्नुपर्ने जिम्मेवारी हामीमा छ । यी र यस्ता यावत प्रतिकूलता र चुनौतीका बाबजूद वित्तीय अनुशासन कायम गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम राख्न मद्दत गर्ने गरी स्वास्थ्य सेवा लगायतका अत्यावश्यक सेवा प्रवाहको सुनिश्चितताका साथै मानिस र अर्थतन्त्रको जीवन पुनर्स्थापित गर्नुपर्ने भएको छ । त्यसका लागि उपलब्ध साधन र स्रोतको सवल परिचालन गर्ने गरी नीति तथा कार्यक्रम तय गर्नुको विकल्प हामीसँग छैन।

संविधानले परिकल्पना गरे अनुसार आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने एवम् समानुपातिक, समावेशीकरण, सहभागिता र सामाजिक न्यायको प्रत्याभूति गरी लोककल्याणकारी राज्य ब्यवस्था स्थापना गर्ने कर्तब्यप्रति हामी सजक छौ । संघ र प्रदेश सरकारको सहकार्यमा कोभिड १९ महामारीको नियन्त्रण र रोकथामको कामलाई उच्च प्राथमिकता दिंदै सकेसम्म छिटो स्थितिलाई सहज बनाउँदै लैजाने तर्फ हाम्रो ध्यान केन्द्रित छ । साथै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी तीव्र आर्थिक वृद्धिका माध्यमबाट समृद्धि हासिल गर्ने हाम्रो प्रतिबद्धतालाई पुनर्स्थापित गरिने छ । बन्दाबन्दीका कारण कृषि, उद्योग, पर्यटन, निर्माण, शिक्षा सबैतिर प्रत्यक्ष असर पुग्न गएको छ । हाम्रो आम्दानी घट्ने तर खर्चको चाप भने झन् बढिरहेको विषम परिस्थितिमा म यो निती तथा कार्यक्रम प्रस्तुत गर्दैछु । कोभिड १९ महामारी रोगको कारण रोजगारी, कामकाज गुमेर निम्तेको भोकबाट नगरवासीलाई जोगाउनु हाम्रो पहिलो कर्तब्य ठान्दै म यो गरिमामय सभा समक्ष बुँदागत रुपमा आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१, कोभिड-१९ का कारण देश भरनै संकट पैदा हुनुका साथै उल्लेख्यरुपमा जनधनको क्षति भएको छ । संक्रमण फैलन नदिन गरिएको बन्दाबन्दी बीचमा हाम्रो नगरपालिकामा भारत तथा तेस्रो मुलुकबाट आउनुभएका नगरबासी मार्फत संक्रमण देखिन थालेको छ । संक्रमणलाई थप फैलन नदिन सचेतना, क्वारेन्टाइन, आइसोलेसन सेन्टर, परीक्षण र उपचारको समुचित प्रवन्ध मिलाइने छ । संक्रमणलाई स्थिर बनाउदै क्रमशः रोकथाम गरिदै लगिने छ ।

२, कोभिड-१९ ले सार्वजनिक सेवाप्रवाह, विकास निर्माणका कार्य र नियमितरुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रम र आयोजनामा प्रत्यक्ष रुपमा नकारात्मक असर पुगेको छ । सेवामूलक, उत्पादनमूलक, औद्योगिक र ब्यापारिक क्षेत्रहरु अवरुद्ध भएका छन् । उत्पादन, आपूर्ति र वितरण प्रणालीमा गम्भीर प्रभाव पर्नुका साथै यस जिल्लाको पहिचानका रुपमा रहेको पर्यटन क्षेत्र समेत प्रभावित भएको छ । कोरोनाको त्रासका कारण आम मानिस आफ्ना दैनिक कामकाजहरु अघि बढाउन नसकेको अवस्था छ । यसवाट आगामी दिनमा थप चुनौती उत्पन्न हुने कुरालाई ध्यान दिदै त्यसको सामनाका लागि तयारी गरिने छ ।

३, कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि कोभिड-१९ नियन्त्रण तथा उपचार कोषको स्थापना गरी पूर्ण सामर्थ्यका साथ कार्यसम्पादन गर्दै आएका छौ । सबैको सहकार्यमा आगामी दिनमा उपचार कोषलाई थप ब्यबस्थित गरिने छ ।

४, कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नगरपालिकाले विशेष योजनाका साथ कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । सुरुका चरणमा हामीले नगरपालिकास्तरमै क्वारेन्टाइन निर्माण गरेर देश भित्र र बाहिरबाट आउने नागरिकलाई क्वारेन्टाइनमा बसाल्यौ । बाहिरबाट आउनेक्रम बढ्दै गएपछि वडा तहमा क्वारेन्टाइन निर्माण गर्नु पर्‍यो । नगरपालिकाको अगुवाईमा अन्य स्थानीय तहहरुको संमन्वयमा जिल्लास्तरीय ५० शैयाको आइसोलेसन वार्ड निर्माण गरिएको छ । संक्रमितहरुको संख्या बढिरहेको अवस्थालाई दृष्टिगत गर्दै सबै वडाहरुमा एकएक वटा आइसोलेसन सेन्टर निर्माणको प्रक्रिया अघि बढेको छ । स्वास्थ्य उपकरण तथा औषधीको आपूर्तिको ब्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।

५, कोरोनाका कारण उत्पन्न असहज परिस्थितीवाट भविष्यमा खाद्य संकट आउन नदिन प्रदेश सरकारसंगको समन्वयमा कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत तरकारी, विउ विजन, दुध तथा मासुको उत्पादनलाई प्रोत्साहन गर्ने कार्यक्रम अघि वढाइएको छ । विदेशवाट फर्किएका युवाहरुलाई लक्षित गरी जमिन बाँझो नरहने गरी कृषि उत्पादन वृद्धिमा जोड दिइएको छ । प्यूठानको उर्वरभूमि झिमरुक फाँट क्षेत्रमा तीन खेतिबाली लगाउने कार्यलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

६, हामीले हाम्रा तीन वर्षे कार्यकालमा स्थानीय सडक, खानेपानी, निःशुल्क शिक्षा ,आधारभूत स्वास्थ्य, पर्यटकीय क्षेत्रहरुको भौतिक पूर्वाधार निर्माण, झिमरुक नदि तटबन्धन, एक गाउँ एक उत्पादन, एक घर एक धारा, खरको छाना बिस्थापन, कृषिमा यान्त्रीकिकरण लगायतका विषयहरुमा केन्द्रित रह्यौं । कृषि, उद्योग, पर्यटन, भौतिक पूर्वाधार जस्ता विषयगत क्षेत्रहरुलाई प्राथमिकता दिई कार्य सम्पादन गरेका थियौं । यसले नगरपालिकाको आर्थिक वृद्धि, रोजगारी बढाएको थियो । चालु आर्थिक वर्षको अन्त्यतिर कोभिड-१९ महामारीका कारण सेवाप्रवाह र विकास निर्माणका कामहरु प्रत्यक्षरुपमा प्रभावित भएका छन् । हाम्रा योजनाहरुलाइ कोरोना कहरको सहजतासंगै पूनः अगाडि बढाइने छ ।

७, विगत वर्षको तुलनामा चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्म खर्च ब्यवस्थापनमा उल्लेख्य सुधार भएको छ । बन्दाबन्दीका कारणले तेस्रो चौमासिकमा सोचे अनुरुप विकास निर्माणका काममा खर्च गर्न सकिएन । कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि खर्चको ब्यवस्थापन र कोरोना विशेष कार्यक्रममा खर्च गर्न पर्‍यो । यस महामारीबाट सिर्जना हुने असर र प्रभाव समेतलाई आकंलन र विश्लेषणगर्दै आगामी बर्षमा महामारीबाट हुन पुगेको क्षतिको पुनर्भरण हुने गरी सामाजिक क्षेत्रको विकास र आर्थिक पुनरुत्थान हाम्रो नगरको प्रथामिकता क्षेत्र बनाइने छ ।

**नगरसभाका सदस्य ज्यूहरु**

८, कोभिड-१९ संक्रमणलाई स्थिर बनाउने, क्रमश रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्ने लक्ष्यका साथ क्वारेन्टाइनहरु थप ब्यबस्थापन गर्न, आरडिटी र पीसीआर परीक्षण, आइसोलेसन तथा उपचारको समुचित प्रवन्ध मिलाइने छ । हाम्रा नागरिकको रोग प्रतिरोधी क्षमता विकासमा जोड दिइनेछ ।

९, कोभिड-१९ को महामारीका कारण विकास निर्माणमा पर्ने नकारात्मक असरलाई कम गर्नेतर्फ पालिकाको आर्थिक नीति लक्षित हुनेछ । स्वदेश तथा विदेशमा रोजगार गुमाएका ब्यक्तिहरुलाई पुनःस्थापित गर्न लघु उद्यम,कृषि तथा निर्माण क्षेत्रमा रोजगार अभिवृद्धि गर्न श्रममूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०, विकास आयोजनाहरुको दोहोरोपनाको अन्त्यका लागि संघ र प्रदेश सरकारसंग समन्वय र सहकार्यको नीति अवलम्वन गरिनेछ । अत्यावश्यक बाहेकका नयाँ आयोजना नथप्ने र कार्यान्वयनमा रहेका तथा अधुँरा आयोजनाहरुलाई सम्पन्न गर्ने गरी बजेट परिचालन गरिनेछ ।

११, सार्वजनिक खर्चमा मितब्ययिता अपनाई आयोजना छनौट र बजेट विनीयोजन गरीने छ । बजेटलाई यथार्थपरक बनाइनेछ । संघ र प्रदेशबाट प्राप्त सशर्त अनुदानलाई कोभिड-१९ बाट परेको असर न्यूनिकरण गर्ने कार्यक्रममा परिचालन गरिनेछ । कृषि, रोजगारी बृद्धि, गरिबी निवारण, आयआर्जन, राजश्व सुधार र सार्वजनिक निर्माणमा जोड दिईनेछ । खर्च गर्दा मितब्ययीता अपनाइने छ ।

१२, बैदेशिक रोजगारीका अवसरको कटौतीका कारण गाउँ फर्कने संख्या अत्यधिक बढेको छ । यसको कारण सिर्जना हुनसक्ने नकारात्मक असर घटाउन नगरपालिका भित्र उत्पादन बृद्धिका नयाँ अवसरहरुको खोजी गरिने छ । साथै उनीहरुको मनोबल बृद्धिको लागि मनोपरामर्श सेवा सञ्चालन गरिने छ । साना तथा घरेलु उद्यमको प्रबर्धन गर्न लगानी परिचालन गरिनेछ । कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धि गर्न श्रोतको परिचालन गरिनेछ ।

१३, राजश्वको प्रभावकारी परिचालनका लागि राजश्वको दायरा बढाउने नीति अवलम्बन गरिएको छ। नगर क्षेत्रभित्र रहेका सम्पूर्ण उद्योगी ब्यपारीहरुलाई करको दायरामा ल्याई बजार प्रबर्धनात्मक कार्यक्रम संचालन गरीने छ । यसबाट नगरपालिकालाई आर्थिकरुपमा बलियो बनाउन थप सहयोग पुग्ने छ ।

१४, दैनिक उपभोगका वस्तुहरुको न्यून उत्पादनका कारण बजारमा सामाग्री अभाव हुने र विश्वश्रम बजारमा बेरोजगारको दरमा वृद्धि हुने सम्भावनालाई मध्यनजर गर्दै उत्पादकहरुलाई प्रोत्साहन गर्ने, वेरोजगारी दर न्यून गर्ने र स्वरोजगारी वृद्धिका लागि सहयोग र सहकार्य गर्न योजनावद्ध रुपमा कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

१५, ***व्यावसायिक कृषिबाट नै नगरपालिकाको समृद्धि हुन्छ*** भन्ने मान्यतालाई आत्मसात गर्दै आर्थिक वर्ष २०७५/७६ बाट सुरु गरिएको **एकवडा एक उत्पादन कार्यक्रम**, उद्यमशिलता विकास, कृषि प्राविधिक धारका विद्यालयलाई सहयोग, पकेट क्षेत्र विशेष प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

१६, कृषकहरुलाई कृषि प्रविधि तथा विज्ञ सेवामा पहुँच पुऱ्याउनका लागि नगरस्तरमा माटो परीक्षण केन्द्र स्थापना गरी व्यावसायीक कृषिमा जोड दिइने छ । नेपाल सरकारले घोषणा गरेको फलफूल दशकलाइ सफल पार्न फलफूलका नर्सरी, सौन्दर्यमूलक बिरुवा, डालेघाँसका बिरुवा उत्पादन गर्न नर्सरी निर्माणगरि फलफूलको पकेट क्षेत्र विस्तार गरीने छ ।

१७, पकेट क्षेत्र केन्द्रित व्यवसायिक कृषि तथा दूध उत्पादन गर्न प्रोत्साहन गरिनेछ । तरकारी तथा फलफूल संकलन केन्द्रलाई किसानको हितमा व्यबस्थित रुपमा सञ्चालनमा ल्याइने छ ।

१८, बढ्दो दुध माछा तथा मासुजन्य उत्पादनहरुकको मागलाई सहज आपुर्तिको वातावरण बनाउन नगर क्षेत्र भित्र गाई, भैंसी,माछा, बंगुर, बाख्रा तथा कुखुरापालन ब्यबसायलाई प्रोत्साहन गरिने छ । साथै दुध तथा दुधजन्य पदार्थको उत्पादन बढाउनका लागी कृत्रीम गर्भाधान लगायतका उन्नत नश्ल सुधारका कार्यक्रमहरु थप प्रभावकारी बनाइने छ ।

१९, कृषि तथा पशुपंक्षीजन्य रोग, किरा र महामारी नियन्त्रण गर्न आवश्यक पूर्व तयारीको प्रबन्ध मिलाइनेछ । कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न बालीहरुको बिउ प्रतिस्थापन गर्ने, पशु नश्ल सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषिबाली, पशु बस्तुको बजारीकरणको व्यबस्थापन गरी कृषकलाई बजारको सुनिश्चितता गर्न पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिका मार्फत निर्मित बाग्दुलाको कृषि उपज संकलन केन्द्र यसै वर्षबाट सञ्चालनमा ल्याइने छ । साथै कृषि, वन तथा जडिबुटीमा आधारित उद्योगहरुको विकासका लागि मेला प्रदर्शनी आयोजना गरि उत्पादनको बजारीकरण गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

२०, नगरपालिका भित्र उत्पादन भएका कृषि उपजको भण्डारणको लागि प्यूठान नगरपालिका ४ को बिजुवारमा १०० टनको कोल्ड स्टोरेज निर्माण गरी सञ्चालनमा ल्याइने छ ।

२१, बढ्दो खाध्यान्न आयातलाई मध्यनजर गरी सिंचीत एवं अन्य क्षेत्रमा बाली सघनतामा जोड दिनेइछ । कृषि कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गरी रोजगारीको सिर्जना गर्न स्थानीय श्रोतको उपयोग र बिस्तारमा जोड दिइनेछ ।

२२, गुणस्तरीय उपभोग्य वस्तुहरुको सर्वसुलभ आपूर्ति सुनिश्चित गर्न परीक्षण र नियमित अनुगमनमा जोड दिइनेछ । उपभोक्ताको हकहित संरक्षणका लागि जागरण अभियान र उपभोक्ता शिक्षा सञ्चालन गरिनेछ ।

२३ ,संघ र प्रदेशको सहकार्यमा नगर भित्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, प्राकृतिक एवं अन्य पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धन र विकासमा जोड दिइने छ ।
२४, नेवार, गुरुङ, मगर, कुमाल लगायत नगरमा रहेका विभिन्न साँस्कृतिक समुदायको कला सँस्कृति समेतको प्रवर्द्धन हुने विविध कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

२५, नगर क्षेत्रमा रहेका प्राकृतिक ऐतिहासीक क्षेत्रको पहीचान गरी पर्यटन पवर्द्धन गर्दै आर्थिक बिकास गर्न जोड दिइने छ । भित्रीकोटलाई नगरकै प्रमुख पर्यटकीय गन्तब्यको रुपमा विकास गर्ने योजना अगाडि बढेको छ । यस योजनालाई पूरा गर्नतर्फ जोड दिइने छ । सबै पर्यटकीय एंवं धार्मिक क्षेत्रलाई ब्यापक प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिनेछ । मुख्य पर्यटकीय गन्तब्य भित्रीकोटको प्रचार प्रसारको लागि घुम्नजाउ भित्रीकोट कार्यक्रमलाई अभियानको रुपमा अघि बढाइने छ ।

२६, ***स्वच्छ सुन्दर वातावरणमैत्री प्यूठान नगर, कृषि पर्यटन पूर्वाधार यूक्त सहर हाम्रो रहर*** भन्ने नारा अवलम्बन गरिएको छ । प्लाष्टिकजन्य पदार्थहरुको उपयोगलाई निरुत्साहित गर्दै वातावरणीय प्रदूषण कम हुने वस्तुहरुको उत्पादन तथा प्रयोग गर्न प्रेरित गरिनेछ । प्रयोग भएका वस्तुहरुको पुनःप्रयोगका लागि एकीकृत फोहोरमैला प्रशोधन केन्द्रलाई थप ब्यबस्थापन गरिने छ ।

२७, सडक सुरक्षाका लागि सडक पूर्वाधार निर्माण एवं स्तरोन्नती गर्दा सडकको ग्रेड सुधार, मोड सुधारको काम गरिने छन् । निर्माण भएका सडकमा बाह्रै महिना गाडी सञ्चालन हुने गरी सुधार गरिने छ ।

२८, नगरभित्र आवश्यक पर्ने झोलुंगे पुलहरुको प्राथमिकता, निर्माण र मर्मत संम्भार गर्ने निति लिइने छ । नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार गरि **एक घर एक धाराको** नीतिलाई कार्यन्वयन गर्न क्रमागत योजनाहरु सम्पन्न गरी नयाँ आयोजना निर्माण र सम्पन्न आयोजनाहरुको मर्मत सम्भार गरिने छ ।

२९, मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ ।

३०, एकिकृत बस्ती विकास कार्यक्रम मापदण्ड तयार गरी जोखिमयुक्त बस्तीहरुको पहिचान गरी एकीकृत बस्ती विकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । साथै नगरपालिकाको एकिकृत शहरी विकास गुरुयोजना वमोजिम वस्ती विकासका लागि छनौट गरिएको प्यूठान नगरपालिकाको वडा नं. २ र ३ को चितीखोला देखि रातामाटासम्म र वडा नम्बर ५ र ७ मा आधुनिक वस्ती विकासको लागि डीपीआर तयार गरिने छ ।

३१, नवजात शिशु र सुत्केरी आमाको सुरक्षाको लागि **सुत्केरीसंगै नगरपालिका** कार्यक्रम सञ्चालन गरिने छ ।

**नगरसभा सदस्यज्यूहरु**

३२. नगरक्षेत्र भित्र रहेका सहकारीहरुको क्षमता बिकास गरी उदेश्य अनुरुप संचालनमा जोड दिइने छ । सहकारी, बैंक तथा वितीय क्षेत्र मार्फत लगानी हुने कृषि कर्जालाई सरल रुपमा कृषक माझ पुऱ्याउन विशेष कार्यक्रम संचालन गरिने छ ।

३३, स्थानीयस्तरमा मौसम अनुसार आवश्यक पर्ने गुणस्तरयुक्त बीउ बिजन, बोटबिरुवा र श्रोत सामाग्रीहरुको उत्पादन तथा दिगो आपुर्तिको ब्यबस्थामा जोड दिइने छ । किसानलाई सहकारीमा आबद्ध गराइ उन्नत जातका विउ र विरुवाहरुको उत्पादन तथा वितरण गरि कृषि उत्पादनलाई दोब्बर बनाउने रणनीति अख्तियार गरिने छ ।

३४, बढ्दो बेरोजगारीलाई लक्षित गर्दै बिबिध क्षेत्रमा स्वरोजगारका अवसरहरु सिर्जना गर्नका लागी स्वरोजगारमूलक तालिम संचालन गरिने छन् । यस्तो तालिम सञ्चालन गर्दा विशेष गरी रोजगार गुमाएर विदेशबाट फर्केकाहरुलाई प्राथामिकता दिइने छ ।

३५, पछाडी पारिएका/परेका महिला दिदी बहिनीहरुका लागि उद्यम ब्यबसाय तालिम प्रदान गरी उद्यम ब्यवसाय मार्फत आर्थिकरुपमा सवल तथा सक्षम बनाईने छ । साथै सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगरको आर्थिक तथा समग्र बिकासमा महिला दिदी बहिनीहरुको सहभागिता बढाउन प्रोत्साहन गरीने छ ।

**३६, लैंगिक हिंसामुक्त नगर** बनाउन आवश्यक प्रवर्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरुलाई यस वर्ष पनि निरन्तरता दिइने छ । हिंसा पीडितहरुका लागि आपतकालिन उद्धारका लागि **आपतकालिन उद्धार केन्द्र** स्थापना गरी सञ्चालनमा ल्याईने छ ।

३७, नगर क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनहरुको सदुपयोग हुनेगरी नदी तथा नदीजन्य उद्योगहरुको उत्खनन् तथा ब्यबस्थापन गरिने छ ।

३८.नगरपालिका भित्र रहेका ऐलानी, पर्ती र सावर्जनीक जग्गाहरु पहिचान गरी प्रयोगमा ल्याइने छ । बढ्दो जग्गा प्लटिङ कार्यलाई निरुत्साहीत गदै खेतीयोग्य जग्गा बाँझो राख्ने कार्यलाई रोक्न आबश्यक कानूनहरु निर्माण गरी कडाईका साथ लागु गरिने छ ।

३९.,नगर क्षेत्रभित्र रहेका सम्पुर्ण उद्योगी ब्यपारीहरुलाई करको दायरामा ल्याई बजार प्रबर्धनात्मक कार्यक्रम संचालन गरिने छ । यसबाट नगरपालिकालाई आर्थिक रुपमा बलियो बनाउन थप सहयोग पुग्ने छ ।

४०, संविधानले ब्यबस्था गरेको आधारभूत तहसम्मको निःशुल्क शिक्षाको ब्यबस्थालाई कार्यान्वियन गरिने छ । साथै वालवालिकाको समग्र विकासका लागि अतिरिक्त क्रियाकलापहरुमा विशेष जोड दिईने छ । कोभिड १९ का कारण प्रभावित पठनपाठनलाई पूरा गर्ने ब्यबस्था मिलाइने छ ।

४१, आधारभूत शिक्षा र स्वास्थ्य जनताको अधिकारको नीति अनुरुप शिक्षा र स्वास्थ्यको विकासमा जोड दिइने छ । सामुदायीक विद्यालयहरुलाई आकर्षक शैक्षिक संस्थाको रुपमा विकास गर्दै एक वडा एक नमूना विद्यालयलाई प्रोत्साहित गरिने छ ।

४२, जेहेन्दार र गरिब विद्यार्थीलाई छात्रबृत्ति प्रदान गरिने छ । दुर्गमका जेहेन्दार विधार्थीलाई अध्ययन गराउन थप सुविधाको ब्यवस्था गरिने छ । साथै विद्यार्थी शिक्षक अनुपात मिलाउदै शिक्षक दरबन्दी मिलान गरिने छ ।

४३, प्रत्येक वडाहरुमा क्रमशः वडास्तरीय खेलकुद मैदान निर्माण गरिनेछ । नगरस्तरीय रंगशालाको स्तरोन्नती गरिने छ । विद्यालयमा खेलकुदका अतिरिक्त कृयाकलाप गर्न प्रोत्साहन गरिनेछ ।

४४, नगरपालिका भित्रका स्वास्थ्य सस्थाहरुको भौतिक पूर्वाधार विकासका लागि स्वास्थ्य पूर्वाधार निर्माण र उपचारको दायरालाई बढाउन बजेट परिचालन गरीने छ ।

४५, नगरभित्रका शिशु तथा आमाको जीवन रक्षाका लागि बर्थिङ सेन्टरहरुलाई थप ब्यबस्थित गरिने छ । साथै ६० वर्ष उमेर पार भएका बृद्ध बा आमाहरुलाई घरमै गई स्वास्थ्य उपचार गर्ने कार्यक्रम र जेष्ठ नागरिकहरुका लागि निःशुल्क आँखा उपचार कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४६, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

४७ ग वर्गको अपांगता भएका ब्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

४८, आगामी ५ वर्ष भित्र पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने गरी क्रमशः टोल वडा सरसफाई घोषणा गर्न तह अनुरुपका क्रियाकलाप संचालन गरिनेछन् ।

४९, यस नगरमा रहेको ५० शैयाको प्यूठान अस्पताललाई पूर्वाधारयुक्त सुविधा सम्पन्न बनाउन केन्द्र र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

५०, हाल रहेका स्वास्थ्य चौकीवाट हुने सेवा प्रवाहलाइ छिटो छरितो र गुणस्तरिय वनाउन पहल गरिनेछ । साथै स्वास्थ्य चौकीलाई आवश्यक पूर्वाधारको ब्यवस्था मिलाइने छ ।

५१, नगर भित्रका सबै खानेपानीका मुहान संरक्षण गर्न विशेष अभियान संचालन गरिनेछ । खानेपानीको स्रोत बचाउन उपयुक्त स्थानमा पोखरी निर्माण गरिनेछ ।

५२, नगर तथा वडास्तरमा बालक्लब, बालसंजाल र बाल संरक्षण समितिहरुको क्षमता अभिबृद्धि गरिने छ । सबै प्रकारको बालहिंसा तथा वालश्रमको निवारण गर्न आवश्यक कार्यक्रम संचालन गरी बालमैत्री नगर घोषणा गरिने छ ।

५३, आधुनिक प्रविधिमैत्री सामाजिक सुरक्षा र ब्यक्तिगत घटना दर्ता अभिलेख ब्यवस्थापनलाई अझ प्रभावकारी बनाउदै लगिनेछ । ब्यक्तिगत घटना दर्ताको महत्व जनस्तरमा बुझाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ । *हाम्रो सन्तान हाम्रो भविष्य* कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५४, यसै आर्थिक बर्षभित्र जेष्ठ नागरिक सेवा केन्द्रको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइने छ ।

५५, नगरपालिका र गै.स.स.को समन्वय र साझेदारीमा सञ्चालित कार्यक्रमलाई विश्वसनिय बनाइने छ । विकासका गतिविधिहरुलाई अझ प्रभावकारी बनाउन सामाजिक परिचालन कार्यमा गैर सरकारी क्षेत्रको क्षमतालाई प्रयोग गरिने छ । सम्पूर्ण गैर सरकारी संस्थाहरुको कार्यक्रमलाई नगरपालिकाको मातहतमा ल्याई एक ढोके नीति अन्तर्गत सञ्चालन गरिने छ । साथै नगरभित्रको फोहोर ब्यबस्थापन गर्दा गैरसरकारी सस्थाहरुसंग सहकार्य गरिने छ ।

५६, मर्मत संभार गर्नुपर्ने खानेपानी तथा सिंचाइ योजनाहरुको लागि मर्मत संभार कोष स्थापना गरी वडाको निर्णय वमोजिम योजना छनौट गरी मर्मत संभार गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

आदरणीय सभासदस्यज्यूहरु

५७, हामीले बजेट विनियोजन गर्दा सेवा प्रवाह र सुशासन, सामाजिक विकास, पूर्वाधार विकास, कोरोना भाइरस रोकथाम, आर्थिक विकास, वन तथा वातावरणलाई क्रमश प्राथमिकता दिने नीति अख्तियारी गरेका छौ ।

५८, नगरपालिका भित्र निजिक्षेत्रसंगको सहकार्यमा प्यूठान नगरपालिका ४ र ७ को सीमा क्षेत्रमा शहिद पार्क निर्माण गर्न थालिएको छ । संघ, प्रदेश र आन्तरिक स्रोत परिचालन गर्दै आधुनिक पार्क निर्माणको कामलाई अगाढि बढाइने छ ।

५९, सबै वडामा सुविधा सम्पन्न वडा कार्यालयहरुको ब्यवस्थापन गर्ने सन्दर्भमा क्रमशः वडा कार्यालयहरुको नयाँ भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६०, कर्मचारीहरुलाई आवश्यक तालिम, प्रशिक्षणको माध्यमबाट मानव संशाधन विकास एवं क्षमता अभिबृद्धि गरी नागरिक प्रति सेवामुखी एवं जवाफदेही बनाउँदै लगिनेछ ।

६१, नगरवासीहरुको गुनासालाई वडा स्तरमा वडा सचिव र नगरस्तरमा गुनासो सुन्ने अधिकारीको ब्यबस्था गरिएको छ र नगरपालिकामा टोल फ्री नम्बरको ब्यवस्था मिलाइएको छ ।

६२, स्थानीय तहका विवादहरु स्थानीयतहमा नै समाधानका लागि बैकल्पिक ब्यवस्थापनको रुपमा संचालनमा आएको मेलमिलाप पद्धतिलाई प्रभाबकारी बनाइने छ । यस कार्यको लागि मेलमिलाप केन्द्र स्थापना गरी नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने काममा आवद्ध गरी थप प्रभावकारी बनाईनेछ ।

६३ ,सार्वजनिक महत्वको सूचना उपलब्ध गराउन नागरिक सूचनाको हकलाई पूर्णरुपमा प्रचलनमा ल्याईने छ ।

६४, सबै कर्मचारीहरुको कार्यपालिकाबाट कार्यविवरण ***TOR*** बनाई लागु गरिनेछ ।

६५, हरेक बर्ष नगर कार्यपालिकाबाट करदाता, कर्मचारी, संचारकर्मी, निर्माण ब्यबसायी, संघ संस्था, उपभोक्ता समिति लगायतका क्षेत्र बिशेषमा योगदान गर्ने ब्यक्तिहरुलाई पुरुस्कृत तथा सम्मान गरिनेछ ।

६६, गत आर्थिक बर्षका बेरुजुहरु क्रमशः फर्छयौट गर्दै लगिने छ । नगरपालिकाबाट असुल गर्नुपर्ने बेरुजु तथा अन्य संस्था, निकाय, ब्यक्तिबाट असुल गर्नुपर्ने बेरुजु कडाइका साथ असुल गर्न र नयाँ बेरुजु हुने अवस्थालाई निरुत्साहित गरि शुन्य बेरुजुको अवधारणा लागु गरि आर्थिक अनुशासन र सदाचारिता प्रवर्द्धन गरिने छ ।

६७,नगर कार्यपालिका अन्तर्गतमा रहेका मर्मत सम्भार कोष, विपद ब्यवस्थापन कोष, कर्मचारी कल्याणकारी कोष, हिंसा पिडित उद्धार कोषहरुको परिचालनका लागि आवश्यक कार्यविधि बनाइनेछ ।

६८,नगरपालिकाका सबै सूचनालाई वेबसाइट मार्फत प्रकाशन गरी सूचनामा नागरिकको पहुँच बढाइनेछ ।

*६९,* नगरपालिका क्षेत्रभित्रका रेडियो पत्रपत्रिकाको प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । नगरपालिकाको विकास प्रबर्धनमा योगदान पुयाउने संचार माध्यम र संचारकर्मीलाई पुरस्कृत गर्दै लगिनेछ ।

७०, सबै वडाहरुमा अप्टिकल फाईबर सहितको उच्च गतिको ईन्टरनेट सेवा पुऱ्याइएको छ । यसलाइ निरन्तरता दिई गुणस्तर सुधार गर्न पहल गरिने छ ।

७१, नगरपालिकाको वेवसाईट,**मोवाईल एप्स,** एस.एम.एस. प्रणाली, फेसबुक पेज, ट्वीटर पेजलाई प्रभावकारी रुपमा संचालन गरी तत्काल सुझाव लिन र दिन मिल्ने पद्धतिको विकास गरिनेछ । साथै नगरपालिकामा विद्युतिय सुशासनलाई आवश्यक पूर्वाधार, सूचना तथा प्रविधि कक्षलाई पूर्णरुपमा आधुनिक बनाइदै लगिने छ ।

७२, नगरपालिकाको **टोल फ्री नम्बर र अडियो नोटिस बोर्ड**को संचालनलाइ निरन्तरता दिइने छ ।

७३, प्रत्येक सेवाग्राहीले कर तथा शुल्क तिरेको विवरण तत्कालै एस.एम.एस. बाट दिने प्रणाली लागु गरिनेछ ।

७४, नगरपालिकाका सबै वडाहरुमा नेपाल रेडक्रससंगको समन्वयमा विपद प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

७५,नगरपालिकाको लागि आवश्यक कानूनहरु शीघ्रताका साथ निर्माण भइरहेका छन् । यस छोटो अवधिमै दर्जनौ ऐन कार्यविधि निर्माण भएर पारित भएका छन् । आवश्यकता अनुसार अन्य ऐन तथा कार्यविधि निर्माण गर्दै लगिने छ ।

७६, विद्यालय स्तरका सबै छात्राहरुलाई सेनिटरी प्याडको ब्यबस्था मिलाइने छ । साथै दिवा खाजाको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७७, कृषि भूमिमा सिंचाइ सुविधा पुऱ्याउन नयाँ योजना तथा मर्मत सम्भारलाई प्राथमिकता दिइने छ ।

७८, आगामी आर्थिक वर्ष २०७७।०७८ मा नगरपालिका भित्रका सबै बस्ती तथा घरमा बिद्युत पुऱ्याइने छ ।

७९, संघ र प्रदेश सरकारहरुसंगको सहकार्यमा जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८०, स्थानिय श्रोत साधनहरुको प्रयोग गरी उत्पादित बस्तुहरुको बजारीकरणको लागि **कोशेली घर** संचालनमा ल्याइने छ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

उपरोक्त नीति तथा कार्यक्रम माथि यस सम्मानित सभामा उपस्थित हुनुभएका नगर सभा सदस्यज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम बनाइएको हो । नगरपालिकाको उपलब्ध श्रोत र साधनले धान्न नसकेका कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनको लागि क्रमश प्रदेश र केन्द्र सरकार समक्ष अनुरोध गरिने छ। कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, नीति तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएको छु । नीति कार्यक्रम बनाउनु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि बनाएका योजनाहरुको प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन् । यसको लागि आवश्यकतानुसार सरकारी, गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता समेतको संयुक्त सहभागितामा, सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शीता एवं उत्तरदायीत्व वहनमा थप टेवा पुग्ने विश्वास लिएको छु ।

नीति तथा कार्यक्रम बनाउने शिलशिलामा महत्वपूर्ण राय सुझाव दिई योगदान पुर्‍याउनु हुने नगर सभा सदस्यज्युहरु, कार्यपालिकाका सदस्यज्युहरु, विषयगत समितिका सदस्यज्युहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु, उधोग वाणिज्य संघका प्रतिनिधिहरु,साझेदार संस्थाहरु, कर्मचारीहरु, गैससहरु, पत्रकारहरु, सामुदायिक तथा निजी क्षेत्र लगायत, सम्पूर्ण संघसंस्थाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

अर्जुनकुमार कक्षपति
(नगरप्रमुख)
२०७७।०३।१०